जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ७९ पृष्ठः ४ | २०८२ असार २९ गते आइतबार (Sunday 13 July 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## असार मसान्त सकिँदा पनि सिरहामा धमाधम विकास



सिरहा, २८ असार। धान रोपाइँको सिजन चलिरहेका बेला सिरहाको नरहाँ गाउँपालिकामा भने गाउँपालिका अध्यक्ष रामप्रमोद यादवको अध्यक्ष निर्देशित कोष'बाट विभिन्न योजना धमाधम सम्पन्न गरिँदैछ। तर ती योजनामा पारदर्शिता अभाव, कानुनी प्रक्रिया उल्लंघन, र आफन्तलाई जिम्मेवारी दिने अभ्यास दोहोरिएको स्थानीयको गुनासो छ। नरहा गाउँपालिका वडा नं. ३ मुसहरी वरपीपलटोलमा करिब २०० मिटर लम्बाईको आरसीसी ढलान सडक निर्माण असार २४ गते सुरु भएको हो। यो योजना 'अध्यक्ष निर्देशित कोष'बाट प्राप्त २० लाख रुपैयाँमा भइरहेको छ। योजनाको काम असार २५ गते रातिसम्म पनि अधूरो थियो।

स्थानीयवासीका अनुसार, कामको सम्पूर्ण निगरानी गाउँपालिका अध्यक्ष रामप्रमोद यादवका दाजु कासिन्द्र यादवले गरिरहेका छन्। नामको लागि मात्र उपभोक्ता समिति गठन गरिएको र सारा काम आफैले गराइएको आरोप छ। समितिका अध्यक्ष रञ्जित कुमार सदाले समेत, सबै काम अध्यक्षकै निगरानीमा भइरहेको छ, भनी पुष्टि गरेका छन्। योजना कार्यान्वयनको ढाँचा पारदर्शी छैन। समितिका सदस्यहरूलाई समेत कुल बजेटको जानकारी छैन।

वडा नं. ३ कै मुस्लिम समुदायको 'कबरगाहा' बाउन्ड्री वाल निर्माण पनि यस्तै ढंगले भइरहेको छ। स्थानीयले ८० लाखको योजना भएको दाबी गरे पनि उपभोक्ता समिति र वडा न-३ का अध्यक्ष रुसतम अंसारीलाई समेत जानकारी छैन। प्रमुख प्रशासकीय अधिकृत शिवेन्द्र कुमार मण्डलले असार मसान्तसम्म फाइल नआएको र अधूरो कामको भुक्तानी नहुने स्पष्ट पारे। 'यो काम अब आगामी वर्षको बजेटबाट मात्र भुक्तानी हुने सम्भावना छ', उनले भने। सूचना टाँस्ने, सार्वजनिक सुनुवाइ गर्ने र उपभोक्ता समितिलाई सक्रिय बनाउने कानुनी व्यवस्था हुँदाहुँदै नरहाँ गाउँपालिकामा योजना गोप्यरूपमा सञ्चालन हुने प्रवृत्ति कायमै देखिएको छ। अध्यक्ष यादवसँग सम्पर्क गर्न प्रयास गरिए पनि उनी प्रतिक्रिया दिन तयार भएनन्।

## अंक सच्याइएको बारे सूचना

मिति २०८२/०३/२१, शनिबार र २०८२।०३।२३, सोमबार प्रकाशित अंकहरूमा त्रुटि भएको जानकारी गराउन चाहन्छौं। ती दुवै दिनको अंक क्रमशः ७४ र ७५ हुनु पर्नेमा, त्रुटिवश दुवै दिनमा अंक ७४ नै प्रकाशित भएको छ। यस त्रुटिका कारण मिति २०८२/०३/२७ गतेसम्मको अंक क्रमश अव्यवस्थित (बिग्रिएको) भएको छ। उक्त त्रुटि मिति २०८२/०३/२९ गतेदेखि सच्याइएको छ, र त्यसपछि अंक क्रमश यथावत् राखिएको जानकारी सबैमा गराइन्छ।

– **सम्पादक**

## सडक कालोपत्रे गर्दा पाइप थिचिएपछि खानेपानीको अभाव



सिरहा, २८ असार। सिरहाको धनगढीमाइ नगरपालिका १३ स्थित भोर्लेनी गाउँमा घर घरमा वितरण गरिएको खानेपानीको धारा जोडिएको मूल पाइप सडक कालोपत्रे गर्दा थिचिएपछि पछिल्लो करिब डेढ सातादेखि खानेपानीको अभाव भएको छ। करिब एक सय ५० घरधुरीको दलित बस्तीमा खानेपानी आपूर्तिका लागि छ इञ्चको छ वटा पावर ड्रिल गरी पाइपमार्फत् घरघरमा पानी आपूर्ति गरिएकोमध्ये गाउँको मध्यभागको करिब ३० घरधुरीका बासिन्दाले धारामा पानी आउन छोडेको स्थानीय बासिन्दाको गुनासो छ।

स्थानीय करिब ३९ वर्षीया लक्ष्मिनियाँदेवी रामले भनिन् 'बस्तीमा पानी आपूर्तिका लागि पाइप लाइनमार्फत् घर-घरमा पानी पुर्याइएको थियो तर केही दिनदेखि पानी आउन छोडेको छ।' पानी नपरेर खडेरी परेका बेला खानेपानीको धारामा पनि पानी आउन छोडेपछि समस्या भएको उनको गुनासो छ।

भोर्लेनी गाउँकी करिब ३१ वर्षीया

–**बाँकी दुई पेजमा**




## प्लाष्टिक प्रयोगमा कटौती गरौं

**प्लास्टिक प्रयोगले:**

- माटोको उर्वरा शक्ति घटाउँछ,
- पशुले प्लास्टिक खाएमा मृत्यु हुन्छ,
- मानव स्वास्थ्यमा हानी पुर्‍याउँछ,
- प्राकृतिक सौन्दर्यता नष्ट हुन्छ,
- पानी प्रदूषण हुन्छ,

**त्यसैले,**

- प्लाष्टिकका झोलाको सट्टा कपडाको झोलाको प्रयोग गरौं,
- प्लास्टिकका भाँडाको सट्टा स्टिल, काँच र बाँसका सामग्री प्रयोग गरौं,
- प्लाष्टिकजन्य फोहोर सही तरिकाले व्यवस्थापन गरौं,
- "प्लाष्टिकमुक्त" अभियानमा सहभागी बनौं,

**"वातावरणको संरक्षण गरौं"**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**सूचना ! सूचना !! सूचना !!!**

Your gateway to study and work in Japan

**MAA DHAMINI SAGAR INSTITUTE & CONSULTANCY**

Golbazar-06, Siraha (सिद्धार्थ बैंकको छेउमा)
Contact No. 9701032488, 9842826874
+819054858895



**Special Features:**

1. Study Master's in IT (English Medium in Japan)
2. Bachelor's Degree Holders in Any Subject Can Apply
3. +2 (12th Grade) Graduates from Any Stream Eligible
4. No Educational Requirement for Working Visa Application



**Course Start Date : 25 June 25, 2025**
**Apply Now for April 2026 in take**
**Special Offer: No the First 20 student!**
Contact Us: 9842826874, 9817705722
Whatsapp/Line : +81-90-5485-8895

# सम्पादकीय

## नथु दमाईंको सपना हाम्रो सामूहिक जिम्मेवारी

नेपालको मधेस क्षेत्रको एक विकट गाउँ – सिरहा जिल्लाको गोलबजार नगरपालिका–३, जमदह मुसहर्निया। यही गाउँका ६४ वर्षीय नथु दमाईं वर्षौंदेखि सिरक–डस्ना सिलाएर जीवन यापन गर्दै आएका छन्। जीवनभर कठोर श्रम गरेर बिताएका उनले अहिले पनि आफ्नो नाममा एउटा पक्की घर बनाउन पाएका छैनन्। आफूले बनाएको सिरकले अरूलाई न्यानो दिन सक्दछ, तर उनी आफैं भने आश्रय खोज्दै टोलबस्ती डुलिरहन्छन्। यस्तो पीडादायी यथार्थले हाम्रो समाजमा अझै पनि कति ठूलो असमानता र बेवास्ता विद्यमान छ भन्ने कुरा देखाउँछ।

नथु दमाईंका लागि अब एउटा पक्की घर केवल भौतिक संरचना होइन, त्यो सम्मान, आत्मनिर्भरता र अस्तित्वको प्रतीक हो। उनले सामाजिक सुरक्षाभत्ताबाट जम्मा गरेको १५ हजार रुपैयाँ बचत गरेर एक बैंक खाता खोलेका छन् – आशाले भरिएको त्यो खाता अब मनकारी सहयोगदाताहरूको योगदान पर्खिरहेको छ। यस्तै सहृदय मानिसहरूका कारण, अहिले गाउँका स्थानीय, दलित महिला केन्द्र नेपाल, र अन्य सामाजिक अभियन्ताहरूले चन्दा संकलन अभियान सुरु गरेका छन्, जसले नथु दमाईंको जीवनमा उज्यालोको आशा जगाएको छ।

आजको नेपालमा समावेशिता" र समान अवसर" को कुरा धेरै गरिन्छ। तर यस्ता आदर्श जब नथु दमाईंको जस्तै पीडामा मात्र सिमित हुन्छन्, तब तिनीहरू केवल शब्दजाल बन्न पुग्छन्। एकजना नागरिकले जीवनको उत्तरार्धसम्म पनि आफ्नो नाममा घर नपाउनु सरकार र समाज दुवैको असफलता हो। खासगरी जब त्यो व्यक्ति दलित समुदायबाट आउँछ र युगौंदेखि चलिरहेको जातीय विभेदको पीडालाई आत्मसात गर्दै बाँचिरहेको हुन्छ।

घर केवल चारवटा पर्खाल र छानामात्र होइन, त्यो आत्मसम्मान र सुरक्षाको गढ हो। आफ्नो घरमा एकान्त र आत्मनिर्भरता अनुभव गर्न पाउनु प्रत्येक नागरिकको आधारभूत अधिकार हो। राज्यको जिम्मेवारी यस्ता नागरिकहरूलाई न्यूनतम जीवनस्तर सुनिश्चित गर्ने हो, र समुदायको भूमिका त्यही लक्ष्य प्राप्तिमा साथ दिने हो। सकारात्मक पक्ष के छ भने, अहिले नागरिक तहबाट आएको पहल उत्साहजनक छ। यसले देखाउँछ कि समाज अझै पनि संवेदनशील छ, मानवता अझै मरेको छैन। नथु दमाईंको घर निर्माण अभियान एक व्यक्ति मात्रको जीवन परिवर्तन होइन – यो समाजको सामूहिक आत्मा बचाउने प्रयास हो।

हामी सबैसँग केहि योगदान गर्ने सामर्थ्य हुन्छ – कोही आर्थिक रूपमा, कोही समय र सञ्जाल प्रयोग गरेर, र कोही केवल आवाज उठाएर। यस्ता उदाहरणहरू हामी सबैका लागि एउटा घण्टी हो: अब पनि चुप लाग्ने हो भने हामी मानवीयता गुमाउने छौं। नथु दमाईंका लागि एउटा घर बनाउनु केवल निर्माण कार्य होइन, त्यो एक वृद्ध नागरिकको सपना पूरा गर्नु, उसको अस्तित्वको पुनःस्थापना गर्नु र समाजप्रतिको उसको विश्वासलाई जिन्दै राख्नु हो। अब समय आएको छ, जहाँ हामीले देखाउन सक्छौं – हाम्रो समाज साँच्चिकै न्यायपूर्ण र समानतामूलक बन्न सक्दछ।

### *सडक कालोपत्रे ...*

देवकी मोचीले गाउँमै जडान गरिएको ट्यांकीको पानी पाइपलाइनबाट घर घरको धारामा आउने पानी पछिल्लो करिब १० दिनदेखि पहिले जसरी नआएको सुनाइन्। 'पाइपबाट थोरै थोरै पानी आउँछ, त्यसलाई भर्न घण्टौं पालो कुर्नुपर्छ' उनले भनिन् 'खडेरीको कारणले बढ्दै गएको गर्मीमा बिहानदेखि बेलुकासम्म कसरी पानीको जोहो गर्ने भन्ने चिन्ता हुन्छ।'

**स्थायी समाधानका लागि काम हुँदै**

धनगढीमाई नगरपालिका १३ का वडाध्यक्ष अध्यक्ष सूर्यमान तामाङ्ले वडाअन्तर्गत पर्ने डगर टोल, चार भैयाटोल, सदा टोल र रामटोलमा यसअघि जडान गरिएको पावर ड्रिलमार्फत् खानेपानीको आपूर्ति गरिरहेको बताए। 'भोर्लेनी गाउँका करिब एक सय ५० घरधुरीका लागि छ थान पावरड्रिल जडान गरी खानेपानीको आपूर्ति भइरहेको छ' उनले भने 'करिब ३० घरसम्म खानेपानी पुऱ्याउन हालिएको पाइप जिरोमाइल सर्रे अम्बास सडक खण्डको कालोपत्रे गर्ने क्रममा पाइप थिचिएपछि पानी आपूर्तिमा केही समस्या भएको हो।'

वडा अन्तर्गत पर्ने गाउँ बस्तीमा खानेपानीको स्थायी समाधानका लागि साविक विष्णुपुरकट्टी १, २ र ४ नं. वडाका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमार्फत् बनाइएको एक लाख लिटर क्षमताको ओभरहेड ट्याङ्कीमा बोरिङबाट पानी चढाएर वितरणका लागि पाइपलाइनको काम भइरहेको उनले बताए। 'पाइपलाइनको काम सकिएपछि वडा क्षेत्रका करिब आठ सय ८१ घरधुरीका लागि खानेपानीको स्थायी समाधान हुनेछ।'

# प्रतिष्ठाको दौडमा हरायो बालापन

**हाम्रा दबाबमा बालबालिकाले अंकको परीक्षा त उत्तीर्ण गर्छन् तर जीवनको परीक्षामा सफल हुन सक्दैनन्। उनीहरूसँग अंक हुन्छ, आत्मविश्वास हुँदैन। डिग्रीले मात्र जीवन चल्दैन।**



पुरुषोत्तम पोखरेल

२०८१ सालको एसईई परीक्षाफल सार्वजनिक भएपछि विगतका वर्षमा झैं यस वर्ष पनि सामाजिक सञ्जालहरू उत्सवको मञ्च बन्न पुगे। आफ्ना सन्तानले उच्च अंक ल्याएको खुशीमा हरेकजसो अभिभावकले सामाजिक सञ्जाल रंग्याएका थिए। बधाईको ओइरो र खुशी साटासाटको नयाँ माहोलका दृश्य हेर्दा लाग्छ– शिक्षा जीवनमार्ग होइन, प्रतिस्पर्धा जित्ने खेलमैदान बन्न पुगेको छ। ती अबोध बालबालिकाको स्कूल भर्नाकालदेखि एसईई नसकुन्जेलसम्म अधिकांश बालबालिका मानसिक, शारीरिक र भावनात्मक रूपले सास्ती खेप्दैछन्। तर, बालअधिकार मिचिएका ती सन्तानहरूबाट समाजमा नाम, प्रतिष्ठा र पुरस्कार कमाउने होडबाजीमा अभिभावक लाग्नु न्यायसंगत हो त ? लेख यसैमा केन्द्रित रहनेछ।

**बालापनको हरण**

बाल्यकाल मानिस जीवनको आधारशिला हो। जसले व्यक्ति निर्माणमा गहिरो प्रभाव पार्छ। यो अवस्थामा बच्चाहरुमा शारीरिक वृद्धि विकाससँगै संसार बुझ्ने तीव्र इच्छा पलाएको हुन्छ। किन र कसरी जस्ता प्रश्न बारम्बार दोहोऱ्याउने गर्छन्। यो अवस्थामा उनीहरू अरूको आचरणको अनुकरण गर्ने भएकोले उनीहरूलाई अभिभावक परिवार र आफन्तको संरक्षण र वात्सल्यता अत्यन्तै आवश्यक पर्छ। तर, हिजोआज अवस्था फेरिएको छ।

हिजोआज बाल्यकाल एक किसिमले अपहरणमा परेको प्रतीत हुन्छ। बच्चा जन्मेको तीन वर्षभित्रै स्कूल भर्ना, किताबको बोझ, होमवर्क, टेस्ट, ट्युसन, अंक र प्रमाणपत्रको प्रतिस्पर्धात्मक चक्रव्यूहमा फस्न थाल्छन्। बालबालिकाको स्वाभाविक प्राकृतिक विकासलाई छाडेर हामी उनीहरूलाई एउटा यान्त्रिक साँचामा हाल्ने प्रयासमा लागिरहेका हुन्छौं। जो असफल भएमा अभिभावकको सपना चकनाचूर हुन्छ भन्ने त्रासमा रहन्छन्। उनीहरू चाहन्छन् कम समयमा बढी प्रतिफल प्राप्त गर्न सकियोस् भन्ने मानसिकताबाट गुज्रिरहेका हुन्छन्।

**शिक्षामा प्रदर्शनको प्रवृत्ति**

शिक्षाको मूल उद्देश्य थियो व्यक्तिको सर्वाङ्गीण विकास, विवेक विस्तार, समाजप्रतिको दायित्व र जीवनोपयोगी ज्ञान। अफशोच ! ती उद्देश्यहरू अब ओझेलमा पर्दै गएका छन्। शिक्षालाई हामीले कति नम्बर ल्यायौ ? भन्ने प्रश्नमा खुम्च्याएका छौं। आफ्ना सन्तानले फोर जीपीए ल्याए त्यसलाई उत्कृष्ट अभिभावकत्वको तक्मा भिराइदिन्छौं यस्तो सोच र चिन्तनले बालबालिकालाई 'मूल्यमा' होइन उपलब्धिमा मात्र तौलन सिकाएको हुन्छ।

**अभिभावकको घोडादौड**

बालबालिकाको पढाइमा ध्यान दिनु राम्रो हो, तर अहिलेको स्थितिमा हामी आफ्ना सन्तानलाई आफ्ना अधुरा सपना पूरा गर्ने र समाजबाट प्रतिष्ठा आर्जन गर्ने माध्यम बनाइरहेका हुन्छौं। मेरा छोराछोरी डाक्टर–इन्जिनियर नबने त के काम ? भन्ने चिन्तनले बालबालिकाको स्वतन्त्रता, रुचि र आत्मसम्मानलाई कुल्चिरहेका हुन्छौं। धेरै स्कूले केटाकेटीहरू आफ्नो रुचि र खुशी बिर्सेर अभिभावकको आकांक्षा पूरा गर्ने दौडमा हुन्छन्। यो ठीक त्यस्तै हो, जसरी घोडादौडमा इनाम जित्न घोडसवारले चाबुक हान्ने कुदाउँछ स्मरणरहोस्। घोडाले आफ्ना मालिकलाई खुशी पार्न दौडिएको होइन, ऊ त केवल चाबुकको पीडाले कुदेको हो।

अचेल हाम्रा बालबालिकाको अवस्था पनि यस्तै भयावह बन्न थालेको छ। यहाँ कसैका सन्तानलाई घोडा या अभिभावकलाई मालिक बनाएर दृष्टान्त देखाउन खोजिएको त होइन। तर, हाम्रो शिक्षा नीति र प्रणालीमा रहेको कमजोरीका कारण उत्पन्न परिणामतर्फ इङ्गित गर्न खोजिएको हो। यसले शिक्षाको नाममा भइरहेको व्यवसायीकरण र समाजमा हुर्कंदो गलत प्रवृत्तिलाई पनि इङ्गित गर्न खोजिएको मात्र हो। हामीले खोजेको शिक्षा केवल किताबी नबनोस्, बरु आनीबानी, बौद्धिकता र व्यवहारमा देखिने शिक्षा होस् भन्न खोजिएको हो।

**शिक्षा प्रणालीको त्रुटि**

हाम्रो पाठ्यक्रम सिर्जनात्मक छैन, बरु परीक्षाकेद्रित छ। जसका कारण बालबालिका रट्न बाध्य छन्। बालबालिकाको उमेर अनुसारको उत्सुकता, खेल, सृजनात्मक र जिज्ञासालाई सम्बोधन गर्न सकेको छैन। बालशिक्षा रटाइभन्दा रमाइलो र सृजनात्मक क्रियाकलाप उन्मुख सिकाइ हुनुपर्छ। बालबालिकालाई बालमैत्री सिकाइ वातावरण सृजना गर्न अत्यन्तै जरुरी हुन्छ। तर, समावेशी जीवनोपयोगी व्यावसायिक वा सृजनशील शिक्षाको कुरा भाषणमै सीमित छ। बालमैत्री सिकाइ वातावरण तयार पार्ने भनिए पनि व्यवहारमा उत्तीर्ण/अनुत्तीर्णको धारिलो विभाजन अझै कायमै छ।

शिक्षक, विद्यालय, परीक्षा बोर्ड र शिक्षा मन्त्रालय सबै अंकका आधारमा सफलता नाप्न अभ्यस्त छन्। यस्तो प्रणालीले समावेशिता, विविधता र सृजनशीलता हराउँदै गएको छ। यसैगरी, निजी विद्यालय र सार्वजनिक विद्यालय बीचको गहिरो खाडलले शैक्षिक क्षेत्रमा विभेद बढाउँदै लगेको छ। निजी विद्यालयमा पढ्ने सन्तानले राम्रो अंग्रेजी, सुविधा र अवसर पाइरहेका छन् भने ग्रामीण भेगका कतिपय सरकारी स्कूलहरूमा खस्कँदो एसईई नतिजाले विद्यार्थीमा नैराश्यतालाई बढाएको छ।

अझै पनि ग्रामीण क्षेत्रका सरकारी स्कूलका बालबालिका आधारभूत पठनपाठन क्षमता नपाई ग्रेडमा मूल्यांकन भइरहेका छन्। यस्तो विषमताले दीर्घकालीन रूपमा सामाजिक असमानतालाई जन्माउने पक्का छ। यसरी पूँजी र लगानीमा आधारित शिक्षा नीतिले यो देशमा पास र फेल, धनी र गरिब, नागरिक र रैती उत्पादन गर्ने विभेदलाई बढाएको छ भन्दा शायद अतिशयोक्ति नहोला।

**संस्कारविहीन सिकाइ**

शिक्षामा कति जानियो ? भन्दा पनि शिक्षाले चरित्र निर्माण गर्न कति सघायो भन्ने हेरिनुपर्छ। शिक्षाले संस्कार निर्माण गरोस्, त्यसले जीवन सहज बनाओस् र देश निर्माणमा नागरिकलाई अग्रसर पारोस्। अफसोच ! शिक्षा संस्कारविहीन र



जीवनविमुख बन्दै गएको छ। बालबालिकाले अंकको परीक्षा पास त गर्छन् तर जीवनको परीक्षा पास गर्न सक्दैनन्। उनीहरूसँग अंक हुन्छ, तर आत्मविश्वास हुँदैन। डिग्री हुन्छ, तर जीवन चल्दैन। हामीले शैक्षिक प्रमाणपत्रको मूल्य त राख्यौं तर मानवता, नैतिकता, करूणा, सहिष्णुता, चरित्रनिर्माण, श्रमको सम्मान, प्रकृतिप्रतिको प्रेम, ज्येष्ठ नागरिकप्रतिको सम्मान, संस्कृति, परम्परा जस्ता मूल्यहरू उपेक्षित बनाएका हुन्छौं।

**बालश्रम र पढाइ**

अझै पनि हाम्रा थुप्रै बालबालिका श्रममा संलग्न छन्। एकातिर बालबालिका अनावश्यक प्रतिस्पर्धाको चपेटामा छन्, भने अर्कोतिर कोही पढ्न नपाएर ग्यारेज, होटल, रेस्टुरेन्ट तथा घरेलु कामदारको रूपमा तथा गाउँघरमा आर्थिक अवस्थाको कारण गाईवस्तु, भेडाबाख्रा चराएर पेट पाल्न विवश रहेका बालबालिका अझै पनि शिक्षाको उज्यालो घामबाट वञ्चित रहनुपरेको यथार्थलाई बिर्सन सकिन्न। त्यसैले शिक्षामा समावेशी पहुँच नहुँदासम्म शैक्षिक समानताको सुगारटाइको तुक देखिँदैन।

**मानसिक स्वास्थ्य र दबाब**

शैक्षिक दबाबका कारण अहिले बालबालिकामा डिप्रेशन, आत्मग्लानि, त्रास, तनाव र आत्महत्यासम्मका घटना देख्न थालिएका छन्। धेरै केटाकेटी पढाइको नाममा निद्रा गुमाउँछन्, साथी बनाउँदैनन् र मेशिन झैं व्यवहार देखाउन थाल्छन्। यस्तो अवस्थामा जीवन बनाउने होइन, जीवन अलमलाउने आजको शिक्षा विश्वमा नबिक्ने खोस्टे साबित भएको छ। जबकि, शिक्षाले व्यक्ति, समाज र राष्ट्रलाई समृद्ध र सशक्त बनाउन सक्नुपर्थ्यो।

**विकल्पको खोजी**

फिनल्यान्ड जस्तो देशहरूले बालमैत्री, खेलमुखी, परीक्षणविहीन, प्रारम्भिक शिक्षा अपनाएका छन्। त्यहाँका विद्यार्थीहरू ७ वर्षपछि मात्र विद्यालय जान्छन्, होमवर्क छैन, प्रतिस्पर्धामा होइन, सहकार्यमा आधारित शिक्षा हुन्छ। त्यसको परिणामस्वरूप उनीहरू सन्तुलित, आत्मविश्वासी र सृजनशील व्यक्तित्व विकास गर्न सफल भएका छन्। हामी नेपालीले पनि शिक्षानीतिमा संरचनागत सुधार गरेर सृजनशील एवं स्वावलम्बी बन्न सक्नुपर्छ।

प्रत्येक अभिभावकले आफ्ना सन्तानलाई प्रतिस्पर्धाको आधारमा नभई आफ्नै माटो र हावापानी सुहाउँदो शिक्षामा जोड दिनुपर्छ, जसले आफ्ना प्वाँख फैलाएर उडान भर्न सक्षम बनाओस्। उनीहरूको रुचि, क्षमता र स्वाभाविक विकासलाई सम्मान गर्दै विद्यालयले पनि सिकाइ ज्ञान सामूहिकता, सहकार्य र संस्कारयुक्त पाठ्यक्रममा जोड दिन सक्नुपर्छ। नेपाल सरकारले पनि शिक्षा प्रणालीको पुनरावलोकन गर्दै बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न शिक्षामा मानसिक स्वास्थ्य, जीवन सीप, कला, खेलकुद र सामाजिक मूल्यहरूलाई अनिवार्य रूपमा समावेशी गरिनुपर्छ तब मात्र समाजले परीक्षा पासभन्दा बढी 'मान्छे बनेको छ कि छैन' भन्ने प्रश्न उठाउन सक्नुपर्छ।

**अब के गर्ने ?**

शिक्षा जीवन बाँच्न सिकाउने माध्यम हो, दौड जित्ने कुनै खेल होइन। हामीले आफ्ना सन्तानलाई घोडा दौडमा उभ्याएर पुरस्कार जित्ने या समाजमा प्रतिष्ठा बढाउन बाध्य पार्नुहुँदैन। हामीले सोच्नुपर्छ– सन्तानले विद्यालयमा प्रथम ल्याउँदा हामी किन खुशी हुन्छौं ? के विद्यार्थी स्वयं खुशी छ ? ऊ आफैं थकित त छैन ? यस्ता तमाम प्रश्नहरूप्रति हामीले पुनः घोत्लिन जरुरी छ। यदि साँच्चै हामी आफ्ना सन्तानलाई संस्कारयुक्त असल मान्छे बनाउन चाहन्छौं भने हामीले उनीहरूमा स्वतन्त्र, संवेदनशील र विवेकशील मान्छे बन्ने बाटो खोल्नुपर्छ। शिक्षाको यो घोडादौड अब रोकिनुपर्छ। चाबुक होइन, करूणा चलाऔं। दबाब होइन, प्रेरणा दिऔं। प्रमाणपत्र होइन, जीवन र संस्कार बाँडौं। अझ सारमा भन्नुपर्दा शिक्षा यस्तो होस् जसले बाल अधिकारको ख्याल राखोस्, मुटुमा संस्कार रोपोस् र हातमा कला–सीप जन्माओस्। तब मात्र शिक्षाले अन्धकार मेटाउने उद्गार प्रमाणित हुन सक्छ।

# ‘संघीयता आएपछि वनजंगलको संरक्षण भएको छ’



**रवीन्द्र उप्रेती**

बर्दिबास, २८ असार। मधेश प्रदेशका वन तथा वातावरण मन्त्री सञ्जयकुमार यादवले राणा शासनदेखि हरेक कालखण्डका शासक र सरकारले विनास गर्दै आएको नेपालका वनलाई साझेदारी वनका पदाधिकारीको सत्प्रयासले संरक्षण र संवर्धन गरेको बताएको छ। उनले संघीयता आएपछि मात्र वन जंगलको संरक्षणमा संस्थागत प्रयास हुन थालेको दावी गरे। वन व्यवस्थापनलाई दिगो तथा प्रभावकारी वनाउन बर्दीबासमा शनिबार देखिसुरु भएको प्रदेशस्तरीय साझेदारी वनको कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री यादवले सो कुरा बताएको हो ।

उनले विगतका शासनकालमा वनको अस्मितामाथि अनेकन षडयन्त्र भएको उल्लेख गर्दै ठूल्ठूला नेता, मन्त्रीदेखि राजा महाराजासम्मले वनमाथि अतिक्रमण, फँडानी र बेचविखन गरेको बिगत सुनाए। उनले भने ‘अब संघीयताले मुलुकको अवस्था फेरेको छ। संघीयतामा वन कसरी जोगाउने ? प्रदेश र स्थानीय तहले थप के कस्ता नीतिहरु अवलम्बन गर्नुपर्छ ? साझेदारी वनको यो कार्याशाला गोष्ठीबाट ठोस निष्कर्ष आउनेमा हामी विश्वस्त छौं।’

प्रदेश वन निर्देशक जगन्नाथप्रसाद जयसवालले उत्पादनशील वनहरुको संवर्धन, व्यवस्थापन, जैविक विविधताको संरक्षण, जनताका माग आपूर्ति र हरीत रोजगारी सृजनामा साझेदारी वनलाई रुपान्तरण गर्नु आवश्यक रहेको धारणा राखे। निर्देशक जयसवालले भने ‘साझेदारी वन र डिभिजन वनका आआफ्नो गुनासा र असन्तुष्टि छन्। तीनलाई सरल र सहजरुपमा कसरी अगाडि लैजाने ? लगायतका विषयमा ऐक्यबद्ध भएर अघि बढन यो कार्याशाला गोष्ठी आयोजना गरिएको हो।’

यसअघि साझेदारी वनका केन्द्रिय अध्यक्ष रामप्रसाद चौधरीले वन संरक्षणदेखि यसको संवर्धन, रोजगारी सृजना र समितिका सवालमा यस्तो कार्यक्रमले ठोस निष्कर्ष दिनेमा आफू विश्वस्त रहेको बताए। चौधरीले प्रश्न गरे, ‘कतिपय साझेदारी वनको सधाराण सभासमेत हुन सकेको छैन। योजना वनेका छैनन्। अन्यौल र अनिश्चितताको अवस्था छ। यसबारे छलफल गर्न मन्त्रालयदेखि डिभिजन वनका उपस्थिति नैराश्यजनक रहेकोले समस्याले कसरी निकाश पाउने ?’२९ गते आइतबारसम्म हुने गोष्ठीमा वन तथा वातावरण मन्त्रालयका सचिव उद्धव घिमिरे, मधेश प्रदेशका १७ वटा साझेदारी वनका प्रतिनिधि, ६ जिल्लाका डिएफओहरु, प्रदेश अध्यक्ष गणेश साह तथा वन विज्ञ लगायतको सहभागिता छ।

कार्यक्रममा प्रदेश वन निर्देशनालय अधिकृत मनोज ठाकुरले वन व्यवस्थापनको इतिहास र साझेदारी वनको अवको बाटो’ विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने डिभिजन वन महोत्तरीका वन अधिकृत लालबाबु यादवले ‘विगत वर्ष भएका सझोदारी वन सम्बन्धी गतिविधिको समीक्षा गरेको थियो। मधेश प्रदेशको सिरहा र सप्तरीबाहेक ६ जिल्लाका ४६ हजार एक सय ४३ हेक्टरमा साझेदारी वन छ।

# जसपा नेता यादवको पक्षमा मलंगवामा प्रदर्शन

रौतहट, २८ असार। जनता समाजवादी पार्टी (जसपा)का मधेश प्रदेश अध्यक्ष अशोक यादवको समर्थनमा सर्लाही सदरमुकाम मलंगवामा शुक्रबार प्रदर्शन गरिएको छ। नेता यादवमाथि प्रहरीले लाएको झुठा मुद्दा खारेज गर्नुपर्ने र सर्लाहीका एसपी योगेन्द्रकुमार खड्कामाथि कारबाही हुनुपर्ने माग गर्दै सदरमुकाम मलंगवामा शुक्रबार प्रदर्शन गरिएको हो।

जसपा नेता यादवविरुद्ध सर्लाही जिल्ला अदालतबाट प्रहरीले पक्राउ पुर्जी जारी गरिसकेको छ। गत हप्ता जिल्ला प्रहरी कार्यालय सर्लाहीले यादवलाई पक्राउ गर्न एक हजारभन्दा बढी प्रहरी जिल्लाभर तैनाथ गरिएको जनाएको थियो। अदालतबाट पक्राउ पुर्जी जारी भएको एक हप्ता बितिसक्दा पनि प्रहरीले यादवलाई पक्राउ गर्न सकेको छैन। गत हप्ता सर्लाहीको मलंगवामा रहेको पूर्वाधार कार्यालयमा प्रहरीको निगरानीमा राति कमीसन दिनेलाई मात्र चेक बनाउने काम गरेको विषयमा यादव र एसपी खड्काबिच गालीगलौज भएको थियो।

सरकारी काममा बाधा पुर्याएको तथा सरकारी सम्पत्ति गाडीमा क्षति पुऱ्याएको आरोप लगाउँदै सर्लाही प्रहरीले यादवलाई पक्राउ गर्न अदालतबाट पुर्जी जारी गरेको थियो तर एक हप्ताभन्दा बढी समय बितिसक्दा पनि प्रहरीले उनलाई नियन्त्रणमा लिन सकेको छैन। मलंगवामा शुक्रबार भएको प्रदर्शनपछि जसपा सर्लाहीका सचिव सोहन झाले सर्लाही प्रहरीले यादवमाथि लगाएको झुठो आरोप तत्काल फिर्ता नलिए शनिबार बलंगवा बजार बन्द गर्ने र जिल्लाभरको यातायात ठप्प पार्ने चेतावनी दिएका छन्।

# निजी कम्पनीसँगको सम्झौता खारेज, साझेदारी वनको जग्गामा वृक्षारोपण सुरु

बारा, २८ असार। दुई दशकदेखि निजी कम्पनीको भोगचलनमा रहेको हलखोरिया साझेदारी वनको जग्गामा वृक्षारोपण सुरु गरिएको छ। नेचुरल हर्बल उद्योग प्रा.लि.ले करिब २० वर्षदेखि उपयोग गर्दै आएको हलखोरिया साझेदारी वनको करिब २९ बिगाहा जग्गामा शुक्रबारदेखि वृक्षारोपण सुरु गरिएको हो। साझेदारी वनका तत्कालीन अध्यक्ष राजकुमार अर्यालले वार्षिक एक लाख पच्चीस हजार रुपैयाँ भाडा आउने गरी करिब ५० बिगाहा वन क्षेत्र विभिन्न निजी कम्पनीलाई उपलब्ध गराएका थिए।



तर, हाल डिभिजन वन कार्यालयले सो निजी कम्पनीसँगको सम्झौता खारेज गरी सो स्थानमा वृक्षारोपण सुरु गरेको डिभिजन वन प्रमुख राजीव कुमार झाले जानकारी दिए। सो क्षेत्रमा अहिले टिक, सतीससाल, मलेसियन साललगायतका बिरुवा रोपिएको छ। हलखोरिया साझेदारी वन सन् २०६४ मा उपभोक्ता समूहमा हस्तान्तरण गरिएको हो। वन कार्यालयका अनुसार अतिक्रमण बाहेकको वन क्षेत्र नापजाँच गरेर २ हजार हेक्टर जग्गा उपभोक्ता समूहलाई जिम्मा दिइएको थियो।

हाल उक्त वनबाट बाराका करिब ४० हजार घरधुरी र २ लाख ४० हजार उपभोक्ताहरू काठ र दाउराका लागि निर्भर छन्। साझेदारी वनका अध्यक्ष विकल्प भट्टराईका अनुसार हलखोरिया क्षेत्रमा करिब ६ सय हेक्टर वन क्षेत्र अनुत्पादक अवस्थामा छ। यस्तै, करिब ५ सय घरधुरीले वन क्षेत्र अतिक्रमण गरेर बसोबास गरिरहेको उनले जनाए। ’अब साउनदेखि अतिक्रमण खाली गराउने प्रक्रिया सुरु हुन्छ,’ अध्यक्ष भट्टराईले भने, ’यसका लागि विभिन्न निकायहरूमा पत्राचार भइसकेको छ। वैज्ञानिक वन व्यवस्थापन लागू भएका प्लटहरू र खाली रहेको वन क्षेत्रमा यस वर्ष वृक्षारोपणको कार्यक्रम छ।’

डिभिजन वन प्रमुख झाले तराईका वन क्षेत्र दिनप्रतिदिन घट्दै गएको र बाँकी रहेका क्षेत्रहरू पनि अतिक्रमण र उजाड अवस्थामा रहेको बताए। उनका अनुसार तराईमा उत्पादनशील वन भएकाले खाली ठाउँहरूमा पुनरुत्पादन गर्न नसक्दा दीर्घकालीन रूपमा वातावरणमा गम्भीर असर पर्न सक्छ।

बिगत २० वर्षदेखि निजी कम्पनीको कब्जामा रहेको जग्गा वन कार्यालयले दुई महिना अघि मात्र फिर्ता ल्याएको हो। कार्यालयले अबदेखि साझेदारी वनको जग्गा निजी कम्पनीलाई भाडामा नदिने निर्णय गरेपछि उपभोक्ता समूहले नेचुरल हर्बल कम्पनीसँगको सम्झौता नै खारेज गरेको हो। डिभिजन वन प्रमुख झाले यस वर्ष हलखोरिया साझेदारी वनको ५० बिगाहा क्षेत्रमा वृक्षारोपण गर्ने, निजगढको आदर्श सदाबहार सामुदायिक वनभित्र सञ्चालनमा रहेको अलकत्रा उद्योग हटाउने र निजगढ नगरपालिका–१ र २ को सिंगोल क्षेत्रअन्तर्गतको १९ हेक्टर अतिक्रमित वन भूमिमा पनि वृक्षारोपण गरिने जानकारी दिए।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय, लहान (सिरहा)

### हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा हाम्रो स्व. बुवा/बाजे मुंगा लाल यादवको नाममा तपसिलको जग्गाको सर्वे नापनक्शा भई फिल्डबुक तयार भएको र जग्गा दर्ता गर्न सम्म छुट भएकोले निज मुंगा लाल यादव र निजको एक मात्र पत्नि मनतोरिया यादव तथा निजहरुको ५ जना छोराहरु मध्ये जेठो छोरा जुगती यादव र जेठी बुहारी विन्देश्वरी यादव समेतको मृत्यु पश्चात हक अंश खाने नजिकको जिवित हकदार छोराहरु/नाति हामी मात्र भएकाले सो छुट जग्गा दर्ता गरी हाम्रो नाममा ज. घ. दर्ता प्रमाणपुर्जा उपलब्ध गरी पाउन जि. सिरहा साविक गा. वि. स. औरही वार्ड नं. ३ र साविक गा. वि. स. हरकट्टी वार्ड नं. ३ हाल परिवर्तित गा. पा. औरही वार्ड नं. १ मा बस्ने स्व. मुंगा लाल यादवको जेठो छोरा पट्टीको नाति शत्रुधन यादव– १, माहिलो छोरा घुरन यादव– १, साहिलो छोरा जय कृष्ण यादव– १, काइलो छोरा राम नारायण यादव– १ र कान्छो छोरा देव नारायण यादव १ समेत ५ जनाले यस कार्यालयमा छुट मि. नं. ७५ दर्ता मिति २०८२/०२/२७ मा निवेदन दर्ता गराएको हुँदा, उक्त जग्गा दर्ता सम्बन्धमा यी निवेदकहरु बाहेक अरु कोही हकदार भए वा यी निवेदकहरुको माग बमोजिम उक्त छुट जग्गा दर्ता गरी यी निवेऽकहरुको नाममा ज. घ. दर्ता प्रमाणपुजी दिंदा कोही कसैको हक मेटिने भए वा कोही कसैको जोतभोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र स–प्रमाण यस कार्यालयमा हकदावी वा उजुर वाजुर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी नगरेमा निवेदकको माग बमोजिम जग्गा दर्ता भईजानेछ। पछि कसैको उजुर वाजुर लाग्ने छैन।

**तपसिल**

| जिल्ल | गा.वि.स. | वडा नं | कि.नं. | क्षेत्रफल | किसानको महल |
|---|---|---|---|---|---|
| सिरहा | नैनपुर | ८क | ७७ | ०–९–१२ | मुंगालाल यादव |
| सिरहा | नैनपुर | ८क | १११ | ०–३–५ | मुंगालाल यादव |
| सिरहा | नैनपुर | ८क | १३९ | ०–३–५ | मुंगालाल यादव |
| सिरहा | नैनपुर | ८क | १४५ | ०–०–१७ | मुंगालाल यादव |
| सिरहा | नैनपुर | ९क | ७७ | ०–८–१५ | मुंगालाल यादव |

# जनमतका पूर्वकोषाध्यक्षविरुद्ध अर्को ठगी मुद्दा, फेरि धरौटीमा छुटे

काठमाडौं, २८ असार। जनमत पार्टीका निलम्बित पूर्वकोषाध्यक्ष सुरेन्द्रनारायण यादवलाई अर्को ठगीको मुद्दा लागेको छ। यसअघि पार्टीको कार्यालय भवन खरिदका लागि जम्मा गरेको रकम ठगी गरेको आरोपमा मुद्दा खेपेका यादवमाथि पुनः अर्को मुद्दा परेको हो। यादवले ठगी गरेको भन्दै पार्टीबाहेकका व्यक्तिले ललितपुर जिल्ला अदालतमा मुद्दा हालेका थिए। उक्त मुद्दामा यही असार २६ गते अदालतले यादवविरुद्ध एक लाख २५ हजार धरौटी माग गरेको छ।

अदालतले मागेको धरौटी बुझाएर यादव २६ गते नै छुटेका छन्। यसअघि ठगीको कसुरमा ७ वैशाखमा सप्तरीबाट प्रहरीले उनलाई पक्राउ

–बाँकी अन्तिम पेजमा

# सप्तरीमा विदेश पठाइदिने भन्दै ठगी, पीडित परिवारले प्रहरी कार्यालय अगाडि न्याय मागे



सप्तरी, २८ असार। विदेश पठाइदिने भन्दै डेढ वर्षअघि २५ लाख रुपैयाँ ठगीमा परेका सप्तरीको बोदे बरसाईन नगरपालिकासहितका पीडित परिवारले शुक्रबार जिल्ला प्रहरी कार्यालय राजविराज अगाडि न्यायको माग गर्दै प्रदर्शन गरेका छन्। पीडितमध्ये वडा २ बैरयाहीका २४ वर्षीय रवीन्द्रकुमार यादवले 'एजेन्ट' विष्णुपुर गाउँपालिका–२ का महादेव साहलाई अपहरण गरेको भन्दै प्रहरीले गाउँमा सोधखोज थालेपछि त्रसित बनेका उनीहरूले न्यायका लागि राजविराज आएर गुहार मागेका हुन्।

डेढ वर्षअघि वडा २ कै ७ जनासहित १० जनाबाट २५ लाख रुपैयाँ लिएर ७ जनालाई विदेश पठाएको नपठाई ठगी गरेको र भिजिट भिसामा दुबई पठाएका तीन जना भने तीन महिनामै जेल बसेर फर्किनु परेको पीडित यादवले बताएका छन्। उनले भने, "धेरैले मेरो अनुहार हेरेर साहमाथि विश्वास गरेर पैसा दिएका हुन्, केहीले ममार्फतै पैसा बुझाएका छन्। तर डेढ वर्षदेखि पैसा फिर्ता नदिइ विदेश पनि नपठाइरहेका छन्।"

पीडितहरूका अनुसार प्रायः सबैले औसत २ लाख ६० हजार रुपैयाँ ऋण गरेर एजेन्टलाई बुझाएका हुन्। साहलाई भेट्न खोज्दा धेरै दिनदेखि बहाना बनाइएको र गत मंगलबार राजविराजमा भेट्दा गाउँमा गई पीडितलाई सम्झाउने क्रममा दुई–चार थप्पड समेत परेको यादवले बताए। एजेन्टले चार दिनभित्र पैसा फिर्ता गरिदिने भनेपछि घर पठाइएको थियो, तर साहको परिवारले उल्टै अपहरणको मुद्दा हालेर पीडितलाई त्रसित बनाएको उनीहरूको गुनासो छ।

वडा २ नेगडाका जितेन्द्र सदाले भने, "महाजनलाई ब्याज तिर्न नसक्दा निन्द्रा लाग्दैन, बालबच्चाको छाक टार्न समस्या भइरहेको छ। हामी त आफ्नै पैसा फिर्ता माग्न मात्र आएका हौं, तर साह अपहरणको मुद्दा चलाउने धम्की दिइरहेको छ।" कृष्णासवरण गाउँपालिका–१ की समतोलियादेवी रामले ऋण उठाएर एक वर्षअघि २ लाख ५० हजार रुपैयाँ एजेन्ट साहलाई बुझाए पनि छोरा विदेश नपठाइएपछि ब्याज बढेको गुनासो पोखिन्। उनले भनिन्, "एकल महिलाले परिवार चलाउनै मुस्किल छ, त्यसमाथि ऋणको ब्याज बढिरहेको छ। न त पासपोर्ट फिर्ता दिन्छन् न पैसा, अपहरणको मुद्दा चलाउने धम्कीले तनाव थपिएको छ।"

पीडितहरूको दाबी अनुसार रवीन्द्र, जितेन्द्र, राजिन्द्रसहित बोदे बरसाईन–२ का अन्य ५ जनासहित सिरहाको भगवानपुर गाउँपालिका–३ का धर्मदेव यादव लगायतलाई महादेव साहले ठगी गरेका छन्। उनीहरूले १८ लाख ४० हजार रुपैयाँ बैंकमार्फत र बाँकी ६ लाख ६० हजार नगद बुझाएको बताए।

बोदे बरसाईन–२ का वडाध्यक्ष रामप्रसाद रामले साहले जालझेल गरी स्थानीयलाई फसाउन खोजेको र पीडितलाई थप पीडित बनाएको बताएका छन्। उनले भने, "यसमा प्रहरीले निष्पक्ष रूपमा अनुसन्धान गर्नुपर्छ र अन्य सरोकारवालासँग समन्वय गर्नुपर्छ।"

जिल्ला प्रहरी प्रवक्ता डीएसपी जितेन्द्रकुमार बस्नेतले महादेव साहको परिवारबाट आएको उजुरीको आधारमा सोधपुछका लागि फोन गरेको बताए। उनले भने, "अहिलेसम्म मुद्दा दर्ता नभएको भए पनि कुटपिट भएको फोटो पनि प्राप्त भएको छ, अनुसन्धान जारी छ।"

यो घटनाले वैदेशिक रोजगारमा हुने ठगी, एजेन्टको दुरुपयोग र पीडितको अवस्थालाई उजागर गरेको छ।

# उपसभामुखको संयोकत्वमा कार्यदल पुनर्गठन

जनकपुरधाम, २८ असार। मधेश प्रदेशको बजेटमा भएको त्रुटि छानबिन गर्न उपसभामुख वविता राउत इसरको संयोजकत्वमा १४ सदस्यीय समिति पुनर्गठन भएको छ। पुनर्गठित समिति सदस्यहरुमा सत्ता पक्षबाट नेपाली कांग्रेसका तर्फबाट सांसद मोहम्मद समिम, जंगीलाल राय, नागेन्द्र साह, एमालेकी सारदा देवी थापा, जनमतका तर्फबाट चन्दन सिंह, सम्भु साह रलोसपाकी रमिता प्रधान छन्।

यस्तै विपक्षी दलहरुबाट जसपा नेपालबाट रामअशिष यादव, नेकपा एकीकृत समाजवादीबाट कनिष पटेल, नेकपा माओवादी केन्द्रबाट जवाहरलाल कुशवाहा, नेपाल संघीय समाजवादीकी बिमला अन्सारी, राप्रपा नेपालकी कञ्चन विच्छा र नागरिक उन्मुक्ति पार्टीबाट उर्मिला देवी सिंह रहेकी छन्। शनिबार नै पुनः बसेको प्रदेशसभा बैठकमा सभामुख मण्डलले बजेटको त्रुटि छानबिन गर्न १४ सदस्यीय कार्यदल बनेको जानकारी सदनलाई गराएका छन्। योसँगै मधेश प्रदेशसभामा लगातारको विपक्षी दलको अवरोध हटेको छ।

यसअघि बिहीबार सभामुख रामचन्द्र मण्डलको संयोजकत्वमा ६ सदस्य कार्यदल गठन भएको थियो। तर, भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवलाई कार्यदलमा राखेपछि विपक्षी दलहरुले अस्वीकार गर्दै प्रदेशसभा बैठक चल्न दिएका थिएनन्।

यसपछि सभामुख मण्डलले शनिबारको बैठकमा कार्यदलको संयोजक पदबाट राजीनामा दिएको घोषणा गरेका थिए। विपक्षी दलले सदन अवरोध गरेपछि शनिबारको बैठक १० मिनेटका लागि बैठक स्थगित भएको थियो। यसबीचमा सर्वदलीय बैठक बसेर उपसभामुखको संयोजकत्वमा बजेट त्रुटि छानबिन समितिका विषयमा सहमति भएको हो। सभामुख मण्डलले यसअघि बसेको बैठकमा कार्यदलमा मन्त्री रहने अभ्यास नरहेको, तर कार्यदलमा सरकार अल्पमतमा पनि नरहने गरेको बताएका थिए।

सभामुखको यस अभिव्यक्तिप्रति पूर्वसभामुख तथा पूर्वमुख्यमन्त्री समेत रहेका जसपा संसदीय दलका नेता सरोजकुमार यादवले आपत्ति जनाएका छन्। उनले सभामुखले पदीय मर्यादाविरुद्ध कार्यदलमा सरकार अल्पमतमा रहने अभिव्यक्ति दिएको जिकिर गरे। 'सभामुख तटस्थ हुन्छन्, सर्वदलीय बैठकमा आफूसहित ६ जना रहने सहमति अनुसार नै सभामुखको नेतृत्वमा कार्यदल बनेको थियो, तर विपक्षीले मन्त्री राखेको प्रश्न उठाउँदा सभामुखले कार्यदलमा सरकार अल्पमतमा परेको अभिव्यक्ति दिनु पदीय मर्यादाविरुद्ध हो, किन भने सभामुख तटस्थ हुन्छन्,' उनले भने।

# भूमिगत जलको संकट समाधानका लागि तिनै तहका सरकारले ध्यान दिनुपर्छ : काँग्रेस नेता निधि

**धर्वेन्द्र झा**

जनकपुरधाम, २८ असार। नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम् पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिले गर्मी याममा तराई मधेश क्षेत्रमा देखिएको भूमिगत जलको संकट समाधानका लागि तिनै तहका सरकारले ध्यान दिनुपर्ने बताउनुभएको छ। मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित रामस्वरुप साह र रामसागर साहद्वारा २००१ सालमा स्थापना गरिएको श्री धर्म संस्थाको १२ औं वार्षिक साधारणसभाको शनिबार उद्घाटन गर्दै उहाँले यस्तो बताउनुभएको हो।

उहाँले तराई मधेशको २२ जिल्लामा भूमिगत जलको संकट देखिएको जसकारण गर्मी याममा चप्पाकल सुक्न थालेर खानेपानीको हाहाकार हुने गरेकोले तिनै तहको सरकारले यस क्षेत्रमा पानी पुनर्भरणको साथै चुरे क्षेत्रको संरक्षण र वृक्षरोपणको कामकाजलाई तीव्रताका साथ अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले तिनै तहका सरकारले खानेपानीको अभाव भएको ठाउँमा तत्काल समस्या समाधान गरी यस समस्याको निदानका लागि दीर्घकालीन योजना निमार्ण गर्नुपर्ने बताउनुभयो। उहाँले समाज रुपान्तरणको कामकाजमा संघ संस्थाको भूमिका महत्वपूर्ण रहेको भन्दै मधेश प्रदेशको शिक्षा क्षेत्रको उत्थानका लागि रामस्वरुप साह र रामसागर साहले दिनुभएको योगदान प्रशंसनीय रहेको बताउनुभयो।

उहाँले पर्यटन प्रवर्धनका लागि भारतको अयोध्याधाम र जनकपुरधाम बिचको कनेक्टीभिटी भएमा भारतीय पर्यटक नेपाल आउने र यसले नेपालको अर्थतन्त्रमा मद्दत पुग्ने बताउनुभयो। श्री धर्म संस्थाका सभापति ताराचन्द्र साहको अध्यक्षतामा भएको उद्घाटन सत्रमा कमला बचाऊ अभियानका संयोजक विक्रम यादवलाई सम्मान गरिएको थियो।

# 'हरियाली बढाउन' करोडौं निकासा, बिरुवाको हेरचाह न संरक्षण

सप्तरी, २८ असार। हरियाली बढाउने भन्दै वन डिभिजन कार्यालय सप्तरी, राजविराजले ०७८/०७९ मा राजविराज–कुनौली सडकअन्तर्गत तिलाठी कोइलाडी गाउँपालिका–१ स्थित सडक किनारमा एक सयवटा विरुवा रोप्यो। १० लाख रुपैयाँ खर्च गरेर कर्मचारीमार्फत नै रोपिएका बिरुवा अहिले एउटा पनि छैन। सोही वर्ष २५ लाख रुपैयाँ खर्च गरेर हुलाकी राजमार्ग किनारमा पनि वृक्षारोपण गरियो। 'ट्री–गार्ड'सहित त्यहाँ रोपिएको बिरुवा पनि २ सय ७२ वटा मात्रै छ।




कार्यालयले बलान बिहुल गाउँपालिका–२ स्थित सेहरा पुलदेखि बलान पुलसम्म प्रदेश वन विकास कार्यक्रमअन्तर्गत कर्मचारीलाई नै बिरुवा रोप्न लगाएको थियो। तर, बिरुवा हुर्कियो/हुर्केन, पानी र मल पुग्यो/पुगेन भनेर हेर्नेतर्फ कर्मचारीले ध्यान नदिँदा बिरुवा मरेका छन्। संरक्षण अभावले 'ट्री–गार्ड' पनि हराउँदै गएका छन्। वृक्षारोपणका नाममा भएको बजेट बेथितिको यी प्रतिनिधिमूलक मात्रै हो।

कार्यालयले आर्थिक वर्ष ०७८/०७९ देखि ०८०/०८१ सम्ममा वृक्षारोपणमा एक करोड ५३ लाख ७५ रुपैयाँ खर्च गरेको छ। आर्थिक वर्ष ०७८/०७९ मा ६२ लाख ५० हजार, ०७९/०८० मा ६५ लाख र ०८०/०८१ मा २६ लाख २५ हजार रुपैयाँ वृक्षारोपणमा खर्च भएको हो। तर, रोपेका बिरुवा संरक्षण गरेर हरियाली बढाउनेभन्दा पनि कार्यालयको ध्याउन्न बजेट खर्च गर्नतिर मात्र देखिन्छ।

चालु आर्थिक वर्षमा कार्यालयले राजविराज नगरपालिका–१ स्थित हुलाकी राजमार्ग किनारमा पडरिया टोलदेखि खाँडो पुलसम्म र तिलाठी कोइलाडी गाउँपालिका–३ सकरपुराको सडक किनारमा गरी कुल ७ सय ११ वटा बिरुवा रोप्नुपर्ने थियो। बिहीबारसम्ममा हुलाकी राजमार्ग किनारमा जम्मा ७५ वटा बिरुवा रोपिएको छ भने सकरपुराको सडक किनारमा एउटै बिरुवा लगाइएको छैन। तर, कार्यालयले बुधबार (असार २५) राति १२ बजेअघि नै वृक्षारोपणको रकम निकासा दिएको छ।

# प्रदेश सरकारले गरे मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा

जनकपुरधाम, २८ असार। मधेश प्रदेश सरकार मन्त्रिपरिषदको विहिवार साँझ बसेको बैठकले प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको छ। बातावरणीय असन्तुलनका कारण समयमा वर्षा नहुदा धान रोपाईमा समस्या उत्पन्न भएको र रोपिएका धान खेतमा पनि धाँजा फाट्न थालेको अवस्थालाई दृष्टीगत गर्दै सुख्खाग्रस्त क्षेत्र घोषणा गरिएको हो।

बैठकले सुख्खाग्रस्त मधेश प्रदेशका किसानहरुका लागि आवश्यक विशेष राहत प्याकेज घोषणा गर्न संघीय सरकारसंग आग्रह गर्ने निर्णय गरेको छ। यस्तै कृषि क्षेत्रमा त्रियाशील दातृ निकायहरुलाई पनि आवश्यक सहयोग गर्न प्रदेश सरकार आह्वान गर्दछ।

यसैगरी मन्त्रिपरिषदको बैठकले पर्साको वीरगंज सहित मधेश प्रदेशका विभिन्न जिल्लामा देखिएको खानेपानी संकट समाधानका लागि आवश्यक स्रोत साधन परिचालन गर्ने निर्णय गरेको छ। खानेपानी संकट समाधानमा आवश्यक सहयोग गर्न संघीय खानेपानी मन्त्रालयलाई आग्रह गर्दै ट्यांकर सहितका विभिन्न माध्यमवाट पानीको आपूर्ति मिलाउने निर्णय समेत मन्त्रिपरिषदले गरेको छ।

## जनमतका ...

गरेको थियो। जनमत पार्टीका प्रवक्ता डा शरदसिंह यादवले दिएको जाहेरीका आधारमा उनी र उनकी श्रीमती ललिताकुमारी यादवविरुद्ध १ करोड ८५ लाख १ हजार रुपैयाँ बिगो असुल उपर गर्नुपर्ने माग गर्दै मुद्दा दायर भएको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)